मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

जनकपुरधाम, नेपाल ।

पत्र संख्याः-२०८१/८२
चलानी नम्बरः ३९८

मिति : २०८१।०८।१३

विषय - रीतपूर्वक कागजात तथा विवरण पेश गर्ने सम्बन्धमा ।

श्री मन्त्रालय / सचिवालय/ आयोग/ केन्द्र ( सबै),
मधेश प्रदेश, जनकपुरधाम।

प्रस्तुत विषयमा यस मन्त्रालयको कार्य जिम्मेवारी अन्तरगत नीतिगत सहमति, बजेट कार्यान्वयनसँग सम्बन्धित विषय तथा अन्य विषयमा पत्राचारको क्रममा रीतपूर्वक पेश नहुँदा सो उपर कारवाहीमा कठिनाई उत्पन्न भई रहेकोले यस मन्त्रालयबाट उपलब्ध हुने सेवालाई सहज एवं प्रभावकारी बनाउन तपसिल बमोजिमको रीत पुर्याई मात्र पत्राचार हुन यस मन्त्रालय (सचिव स्तर) को मिति २०८१।०८।१३ गतेको निर्णयानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. टिप्पणीमा दस्तखत गर्ने सबै अधिकारीको दस्तखतको मुनि नाम, पद र मिति स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्ने ।
२. नीतिगत मस्यौदा पठाउँदा मस्यौदामा अधिकार प्राप्त अधिकारीको दस्तखत र दस्तखत गर्ने अधिकारीको नाम, पद उल्लेख भएको तथा सम्बन्धित निकायको छाप लगाएको हुनु पर्ने ।
३. पत्र साथ प्रतिलीपि कागजात संलग्न गरी पठाउँदा प्रतिलिपि प्रमाणित गरी सम्बन्धित निकायको छाप लगाएको हुनु पर्ने ।
४. सेवा माग गर्दा सो को कानूनी आधार स्पष्ट उल्लेख भएको हुनुपर्ने ।

उल्लेखित रीत नपुर्याई पेश भएको विषयमा कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

..............
अजय कुमार लाल कर्ण
उपसचिव